नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(आन्तरिक व्यवस्थापन शाखा)

फोन ४२००३१४, ४२००२९९, ४२००५०५, ४२००२९१, ४२००२८६

पत्र संख्या :-०७५/७६

चलानी नं: १०२

मिति २०७५।४।१३

विषय :- कार्य सम्पादन मूल्याङ्कन सम्बन्धमा ।

श्री प्रदेश (सवै) ।

श्री स्थानीय तह (सवै)।

श्री जिल्ला समन्वय समितिको कार्यालय (सवै)।

प्रस्तुत विषयमा नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७५।३।३२ को निर्णयानुसार स्वीकृत प्रदेश तथा स्थानीय तहमा खटिएका निजामती र निजामती बाहेकका अन्य स्थायी कर्मचारीहरुको कार्यसम्पादन मूल्यांङ्कनमा मिति २०७५।४।१० को मन्त्रीपरिषद्को निर्णयबाट कार्य सम्पादन मूल्यांङ्कनमा केही संसोधन भएकोले यसै बमोजिम गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

(रविन्द्र जंग थापा)

शाखा अधिकृत

अनुसूची-१

## प्रदेश तहको कार्यसम्पादन मूल्याङ्कन

### क) सुपरीवेक्षक तथा पुनरावलोकनकर्ता

१) प्रदेश तहमा खटिएका सबै सेवा समूह,उपसमूहका कर्मचारीहरुले कार्यसम्पादन मूल्याङ्कन फाराम भरी सम्बन्धित प्रदेशस्तरका मन्त्रालय, सचिवालय, कार्यालयमा दर्ता गरी सुपरीवेक्षक समक्ष पेश गर्ने । राजपत्र अनंकित कर्मचारीहरुको कार्यसम्पादन मूल्याकंनको सुपरीवेक्षण सम्बन्धित प्रदेश मन्त्रालय, प्रदेश सभा सचिवालय, प्रदेश प्रमुखको कार्यालयका सम्बन्धित महाशाखा, शाखाका राजपत्राङ्कित तृतीय श्रेणीबाट र पुनरावलोकन सोही मन्त्रालय, प्रदेश सभा सचिवालय, प्रदेश प्रमुखको कार्यालयका सम्बन्धित महाशाखा, शाखाका राजपत्राङ्कित द्वितीय श्रेणीबाट गर्ने ।

२) राजपत्राङ्कित तृतीय श्रेणीको कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कनको सुपरीवेक्षक सम्बन्धित प्रदेश मन्त्रालय, प्रदेश सभा सचिवालय, प्रदेश प्रमुखको कार्यालयका सम्बन्धित महाशाखा, शाखाका राजपत्राङ्कित द्वितीय श्रेणीका उपसचिवले गर्ने र पुनरावलोकनकर्ताको रुपमा सम्बन्धित प्रदेश मन्त्रालय, प्रदेश सभा सचिवालय, प्रदेश प्रमुखको कार्यालयका सचिवले गर्ने ।

३) राजपत्राङ्कित द्वितीय श्रेणीको कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कनको सुपरीवेक्षक सम्बन्धित प्रदेश मन्त्रालय, प्रदेश सभा सचिवालय, प्रदेश प्रमुखको कार्यालयको सचिवले गर्ने र पुनरावलोकनकर्ताको रुपमा सम्बन्धित प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिवले गर्ने ।

४) प्रदेश मन्त्रालय, प्रदेश सभा सचिवालय, प्रदेश प्रमुखको कार्यालयका सचिव एवं राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कनको सुपरीवेक्षक एवं पुनरावलोकनकर्ता सम्बन्धित प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रमुख सचिवले गर्ने तथा पुनरावलोकन समितिको लागि नेपाल सरकारको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

५) यस बमोजिम प्रदेश मन्त्रालय, प्रदेश सभा सचिवालय, प्रदेश प्रमुखको कार्यालय वा अन्तर्गतका महाशाखा तथा शाखाका कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन सुपरीवेक्षण र पुनरावलोकन सम्बन्धि स्पष्ट व्यवस्था नभएमा सम्बन्धित मन्त्रालय, सचिवालय, कार्यालय वा अन्तर्गतका सचिव वा प्रमुखले सम्बन्धित सेवा, समूह, उपसमूहको विषयगत प्रकृति हेरी सुपरीवेक्षण र पुनरावलोकनकर्ता प्रदेश तहबाटै आवश्यक व्यवस्था मिलाउने।

### ख) पुनरावलोकन समिति

१) राजपत्र अनंकित तथा राजपत्रांकित तृतीय श्रेणीका कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको लागि देहाय बमोजिम पुनरावलोकन समितिको गठन गर्ने ।

(क) सम्बन्धित प्रदेश मन्त्रालय, प्रदेश सभा सचिवालय, प्रदेश प्रमुखको कार्यालयको सचिव — अध्यक्ष

सचिव

(ख) सम्बन्धित प्रदेश मन्त्रालय, प्रदेश सभा सचिवालय,प्रदेश प्रमुखको कार्यालयको प्रशासन महाशाखा, शाखा हेर्ने राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत — सदस्य

(ग) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत — सदस्य

२) राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृत कर्मचारीहरुको हकमा देहाय बमोजिम पुनरावलोकन समिति गठन गर्ने

(क) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिव — अध्यक्ष

(ख) सम्बन्धित सेवा समूह संग सम्बन्धित राजपत्राङ्कित प्रथम श्रेणीका प्रदेश मन्त्रालय, प्रदेश सभा सचिवालय, प्रदेश प्रमुखको कार्यालयको सचिव — सदस्य

(ग) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत — सदस्य

(पुनश्चः सम्बन्धित सेवा/समूह संग सम्बन्धित राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत कर्मचारी नभए नेपाल सरकारको सम्बन्धित सेवा समूह हेर्ने मन्त्रालयका राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतलाई आमन्त्रित गर्ने)

सचिव

## अनुसूची - २

## स्थानीय तहमा खटिएका निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन

### क) सुपरीवेक्षक तथा पुनरावलोकनकर्ता

१) स्थानीय तहमा खटिएका सबै सेवा, समूह, उपसमूहका निजामती कर्मचारीहरुले कार्यसम्पादन मूल्याङ्कन फाराम भरी सम्बन्धित स्थानीय तहको कार्यालयमा दर्ता गरी सुपरीवेक्षक समक्ष पेश गर्ने ।सबै सेवा, समूह, उपसमूहका राजपत्र अनंकित निजामती कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकनको सुपरीवेक्षण सम्बन्धित स्थानीय तहको राजपत्राङ्कित तृतीय श्रेणीबाट र पुनरावलोकन सोही कार्यालयको राजपत्राङ्कित द्वितीय श्रेणीबाट गर्ने ।

२) राजपत्राङ्कित द्वितीय श्रेणी नभएको कार्यालय प्रमुखको हकमा पुनरावलोकनकर्ता सम्बन्धित जिल्लाको जिल्ला समन्वय अधिकारीले गर्ने ।

३) विषयगत महाशाखा, शाखाको राजपत्राङ्कित तृतीय श्रेणीको कार्यसम्पादन मूल्यांकनको सुपरीवेक्षक सोही महाशाखा, शाखाको राजपत्राङ्कित द्वितीय श्रेणीबाट गर्ने, राजपत्राङ्कित द्वितीय श्रेणीको कर्मचारी नभए प्रमुख प्रशासकीय अधिकृतले तोकेको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृतबाट र पुनरावलोकन प्रमुख प्रशासकीय अधिकृतबाट गर्ने। तर विषयगत महाशाखा,शाखाको राजपत्राङ्कित द्वितीय र तृतीय श्रेणीको कार्यसम्पादन मूल्यांकनको सुपरीवेक्षक तथा पुनरावलोकनकर्ता नभएमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने ।

४) गाउँपालिका तथा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतको कार्यसम्पादन मूल्यांकन सुपरीवेक्षण र पुनरावलोकनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने ।

### ख) पुनरावलोकन समिति

१) गाउँपालिकाको राजपत्र अनंकित श्रेणी र श्रेणीविहीन निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको लागि देहाय बमोजिम पुनरावलोकन समितिको गठन गर्ने ।

| | |
|---|---|
| (क) सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिको जिल्ला समन्वय अधिकारी | अध्यक्ष |
| (ख) सम्बन्धित गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृत | सदस्य |

२) नगरपालिकाको राजपत्र अनंकित श्रेणी र श्रेणीविहीन निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको लागि देहाय बमोजिम पुनरावलोकन समितिको गठन गर्ने ।

| | |
|---|---|
| (क) सम्बन्धित नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |
| (ख) सम्बन्धित नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले तोकेको निजामती सेवाको अधिकृत | सदस्य |
| (ग) सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृत | सदस्य |

सचिव

तर, प्रमुख प्रशासकीय अधिकृत नभएको हकमा सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिको जिल्ला समन्वय अधिकारीले अध्यक्षता गर्ने ।

३) महानगरपालिका र उपमहानगरपालिकाको राजपत्र अनंकित श्रेणी र श्रेणीविहीन निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको लागि देहाय बमोजिम पुनरावलोकन समितिको गठन गर्ने ।

(क) सम्बन्धित महानगरपालिका/उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत — अध्यक्ष

(ख) सम्बन्धित महानगरपालिका/उपमहानगरपालिकाका प्रशासन शाखा हेर्ने निजामती सेवाको अधिकृत — सदस्य

(ग) महानगरपालिका/उपमहानगरपालिकाकाको प्रमुख प्रशासकीय अधिकृतले तोकेको निजामती सेवाको अन्य अधिकृत — सदस्य

प्रमुख प्रशासकीय अधिकृत तथा अन्य अधिकृतहरुको कार्य सम्पादन मूल्याङ्कन नियमानुसार सुपरीवेक्षण तथा पुनरावलोकनकर्ताको मूल्याङ्कन गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय आन्तरिक व्यवस्थापन शाखामा पठाउने ।

पुनरावलोकन समितिले गरेको कार्य सम्पादन मूल्याङ्कन फाराम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको बढुवा शाखा र लोक सेवा आयोगमा पठाउने ।

सचिव

अनुसूची – ३

## स्थानीय तहमा कार्यरत निजामती बाहेकका अन्य स्थायी कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन

### सुपरीवेक्षक तथा पुनरावलोकनकर्ता:

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८५ बमोजिम स्थानीय तहमा कार्यरत निजामती बाहेकका अन्य स्थायी कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन देहाय बमोजिम गर्ने ।

१. गाउँपालिका र नगरपालिकामा कार्यरत निजामती बाहेकका अन्य स्थायी कर्मचारीहरु मध्ये सातौ वा सो सरह सम्मको कार्यसम्पादन मूल्याङ्कनको सुपरीवेक्षण निजामती सेवाको राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृत वा सम्बन्धित महाशाखा, शाखाका एक तह माथिका अधिकृतले गर्ने र पुनरावलोकन निजामती सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीका प्रमुख प्रशासकीय अधिकृत वा सम्बन्धित महाशाखा, शाखाका एक तह माथिका अधिकृतले गर्ने । निजामती सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीका प्रमुख प्रशासकीय अधिकृत वा एक तह माथिका अधिकृत नभएको गाउँपालिका र नगरपालिकाको हकमा सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिका जिल्ला समन्वय अधिकारीले पुनरावलोकन गर्ने । तर आठौं तहका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कनको सुपरीवेक्षण निजामती सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत वा एक तह माथिको अधिकृतबाट गरी पुनरावलोकन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने ।

२. महानगरपालिका,उपमहानगरपालिकामा निजामती बाहेकका अन्य स्थायी कर्मचारीहरु मध्ये आठौं तह सम्मको कार्यसम्पादन मूल्याङ्कनको सुपरीवेक्षण निजामती सेवाको राजपत्राङ्कित द्वितीय श्रेणी वा सम्बन्धित महाशाखा, शाखाका एक तह माथिका अधिकृतले गर्ने तथा पुनरावलोकन निजामती सेवाको राजपत्राङ्कित प्रथम श्रेणीका सहसचिव वा सो सरहका अधिकृतले गर्ने ।

३. स्थानीय निकायबाट स्थानीय तहमा खटिएका निजामती बाहेकका अन्य स्थायी कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन स्थानीय स्वायत्त शासन नियमवाली २०५६ बमोजिम विगतमा प्रयोग गरिएकै ढाँचामा र अन्य स्थायी कर्मचारीको हकमा सम्बन्धित नियमानुसार तोकिएको ढाँचामा भरी मूल्यांकन गर्ने।

४. यस बमोजिम कार्यसम्पादन मूल्यांकन गर्दा कुनै कार्यालय वा अन्तर्गत निकायका महाशाखा, शाखाका कर्मचारीहरुको सुपरीवेक्षण र पुनरावलोकन गर्ने पदाधिकारी स्पष्ट नभएमा सम्बन्धित स्थानीय तहको कार्यालय वा अन्तर्गत निकायका महाशाखा, शाखाको सम्बन्धित सेवा, समूह, उपसमूहको प्रकृति हेरी प्रमुख प्रशासकीय अधिकृतले सुपरीवेक्षण र पुनरावलोकनकर्ता स्थानीय तहबाटै आवश्यक व्यवस्था मिलाउने।

सचिव

अनुसूची — ४

विकास समिति ऐन, विशेष ऐन लगायत अन्य ऐनद्वारा गठित समिति, प्रतिष्ठान, आयोगमा कार्यरत निजामती सेवाका कर्मचारी तथा निजामती सेवा वाहेकका स्थायी कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन त्यस्ता समिति, प्रतिष्ठान, आयोग खारेज भएका वा अन्यत्र गाभिएकाको हकमा तत् तत् मन्त्रालय वा निकायमा भरी मूल्याङ्कनका लागि पेश गर्ने । त्यस्ता समिति, प्रतिष्ठान, आयोगबाट स्थानीय तहमा खटिएका कर्मचारीहरुको हकमा सोही तहको कार्यसम्पादन मूल्याङ्कन विधि वमोजिम गर्ने ।

सचिव